प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

मुकाम बुटवल, नेपाल

## प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०१/२५)**

यस मन्त्रालयमा चालु आ.व.२०७८/०७९ मा सुचिकृत भएका तालिम प्रदान गर्न इच्छुक तालिम प्रदायक (व्यक्ति, फर्म, कम्पनी वा संस्था) बाट सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३१ बमोजिम तपसिल बमोजिमका विभिन्न विषयको व्यवसायिक तथा सीपमूलक तालिमको प्रस्ताव माग गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस मन्त्रालयले उपलब्ध गराएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव तालिम संचालन हुने जिल्ला र विषय अनुसार छुट्टा छुट्टै खाममा शिलबन्दी गरी यस मन्त्रालयमा दर्ता गर्नु पर्नेछ । अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० वजे भित्र प्रस्ताव दर्ता गर्न सकिनेछ।प्रस्तावको विस्तृत सूचना र शर्त यस मन्त्रालयबाट प्रास गर्न सकिनेछ ।

१. प्रस्तावित तालिम कार्यक्रमको खर्च यस मन्त्रालयको वार्षिक वजेटबाट व्यहोरिनेछ ।

२. चालू आ.ब. मा संचालन हुने तालिमको कार्यक्षेत्र तथा विषयहरु र स्थान:

| क्र. स. | तालिम संचालन हुने जिल्ला | तालिमको विषय | तालिमअवधि | सहभागी संख्या |
|---|---|---|---|---|
| क | रुपन्देही | हलुका सवारी चालक तालिम | ३० दिन | २० जना |
| ख | बर्दिया | हलुका सवारी चालक तालिम | ३० दिन | २८ जना |
| ग | बाँके | हलुका सवारी चालक तालिम | ३० दिन | २३ जना |
| घ | बर्दिया | ब्युटिपार्लर तालिम | ३० दिन | २६ जना |
| ङ | रूपन्देही | पर्यटक पथ प्रदर्शक (टुरिष्ट गाइड) तालिम | १५ दिन | ११ जना |
| च | बर्दिया | अचार, पापड फुरन्दाना बनाउने तालिम | ७ दिन | १६ जना |
| छ | बर्दिया | चुरा, माला, पोते बनाउने तालिम | १५ दिन | १२ जना |
| ज | बाँके | कुसन तथा खेलौना बनाउने तालिम | २० दिन | ३४ जना |

तालिमको कार्यक्षेत्र (स्थान) र सो क्षेत्रको विषयमा मात्र प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ । एउटा प्रस्तावदाताले तालिमको कार्यक्षेत्र (स्थान) र सो क्षेत्रको विषयहरू (क्र.सं. क देखि ज) मध्ये बढीमा ३ वटा तालिमका लागि सम्म प्रस्ताव पेस गर्न सक्नेछन्।

३. तालिम सञ्चालन गर्नुपर्ने स्थान :- सि.नं. २ को तालिकामा उल्लेख भएबमोजिम सम्वन्धित जिल्लाको सदरमुकाम

४. इच्छुक प्रस्तावदाता व्यक्ति, फर्म, संस्था वा कम्पनीको योग्यता देहाय बमोजिम हुनुपर्नेछ:-

(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता र नवीकरण भएको।

(ख) स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करमा दर्ता भएको।

(ग) समान प्रकृतिको काममा कम्तीमा ३ (तीन वर्ष) वर्ष देखि कार्य गरेको अनुभव भएको, प्राविधिक क्षमता, आर्थिक क्षमता, अनुभव र योग्यता सम्वन्धित विषयमा सीप परिक्षण तह २ तालिम दिलाउने कामको लागि ग्राह्य भएको ।

(घ) प्रस्ताव फाराम पेश गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको उद्देश्यसंग सम्बन्धित तालिम संचालन गर्न मिल्ने हुनपर्ने ।

(ङ) कुनै निकायबाट स्वीकृति लिई सञ्चालन गर्नुपर्ने तालिमको हकमा सो निकायबाट स्वीकृति लिएको पत्र पेश गर्नु पर्नेछ।

५. प्रस्तावदाताको जनशक्तिको संरचना र कार्य विभाजनको बुँदाले माग गरेका योग्यता, अनुभव र क्षमताको लागि पेश गर्नुपर्ने विवरण र कागजात प्रस्ताव फाराममा उल्लेख भए अनुसार हुनेछ ।

६. अनुभव गणना गर्दा एउटै तालिम प्रदायक व्यक्ति, कम्पनी, संस्था वा फर्मको मात्र मान्यता दिइनेछ । एउटै व्यक्तिको फरक फरक कम्पनी र संस्थाको अनुभव गणना गरिने छैन ।

७. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समयावधि तालिमको अवधी अनुसार चालू आर्थिक वर्षसम्म रहनेछ ।

८. प्रस्ताव फाराम प्रस्तुतकर्ता व्यक्ति, फर्म, कम्पनि वा संस्थाको यस कार्यालयबाट स्थलगत अवलोकन गर्न सकिनेछ ।

९. प्रस्तावदाताहरुबाट पेश गरिने सम्पूर्ण कागजातहरुको प्रतिलिपि प्रमाणित गरिएको हुनुपर्नेछ ।

१०. यो सूचना प्रकाशित मितिले १५ औं (पन्ध्रऔं) दिनको कार्यालय समय भित्र आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, बुटवलमा प्राविधिक र आर्थिक प्रस्ताव फाराम छुट्टाछुट्टै सिलबन्दी गरी दुवै खामलाई पुनः एउटै खामभित्र राखी शिलबन्दी गरी दर्ता गर्नुपर्नेछ । अन्तिम मितिको दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० बजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ । म्याद नाघी प्राप्त भएको वा रीत नपुगी प्राप्त प्रस्ताव फाराम उपर कुनै कारवाही गरिने छैन।

११. प्रस्तावमा कुनै कारण जनाइ वा नजनाई छनौट गर्ने वा नगर्ने अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

१२. यस सम्बन्धी थप जानकारीको लागि यस मन्त्रालयको फोन नं. ०७१-५५०६२३ मा सम्पर्क गर्न सकिनेछ ।

१३. प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकनका आधारहरु प्रस्ताव फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१४. यस सूचनामा उल्लेखित भए बाहेकका विषय एवं खरिद संझौता उल्लंघनका शर्त तथा उपचारका विधिहरु सम्बन्धमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा उल्लेख भएका प्रावधानहरु यस प्राविधिक र आर्थिक प्रस्तावमा स्वतः समावेश भएको मानिनेछ।